# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, साउन २५ गते, २०७५ साल (अतिरिक्ताङ्क ९


## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश नं. १ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. १३

## प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५

__प्रस्तावना__ : नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको जनताको अभिव्यक्ति, स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं सम्बर्धन गर्नका लागि विद्युतीय प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक लगायत अन्य विविध क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, लिङ्ग वर्ग, क्षेत्र र

धार्मिक सम्प्रदायबीच समानता कायम गर्न, आपसी सद्भाव र सामन्जस्यताको वातावरण सृजना गरी ज्ञान, सीपको अभिवृद्धि गर्न र जनचेतना जगाउन, निष्पक्ष स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्ने सम्बन्धमा रेडियो, एफ. एम. तथा टेलिभिजनको अनुमति, संचालन, नविकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश नं १ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. १ मा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले कार्यक्रमको प्रसारण गर्नको लागि यस ऐन बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजतपत्र समेतलाई जनाउँछ ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले नेपालको संविधान बमोजिम प्रदेश नं. १ को प्रदेश सरकारको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(च) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(छ) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो, एफ. एम. र टेलिभिजन समेतको सञ्चार सेवालाई सम्झनु पर्छ ।

(ज) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ ।

(झ) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो, एफ. एम. र टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनु पर्छ ।

(ञ) "भू-उपग्रह प्रसारण केन्द्र (अर्थ स्टेशन)" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(ट) "सम्बन्धित मन्त्रालय" भन्नाले प्रदेशको सूचना र संचार सम्बन्धि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ ।

३. <u>प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र संचालन</u> : प्रदेश भित्र एकसय वाट भन्दा माथि एकहजार वाट सम्मको रेडियो, एफ. एम. र स्याटेलाईट प्रणालीबाट प्रसारण हुने बाहेकको अन्य टेलिभिजनको प्रसारण सम्बन्धी कार्यक्रमको अनुमति, रेखदेख र संचालनको नीति निर्माण गरी कार्यान्वन गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ ।

४. <u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u> : कसैले पनि यस ऐन बमोजिम इजाजत पत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन ।

५. <u>इजाजतपत्रको लागि निवेदन दिनु पर्ने</u> : प्रदेशभित्र रेडियो, एफ. एम. र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको अधिकारी र तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

६. <u>निवेदनसाथ कागजात संलग्न गर्नुपर्ने</u> : दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछ :-

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन,

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र तथा सम्बन्धित संस्थाको विधान र

सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदि रसिद वा तोकिएको राजश्व खातामा जम्मा गरेको बैंक भौचर साथै प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण।

७. <u>इजाजतपत्र दिन सकिने</u> : (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजतपत्र दिन मुनासिव देखेमा निवेदकलाई तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तोकिएको ढाँचामा पैंतालिस दिनभित्र तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसक्ने भए सो को आधार र कारण खुलाई सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित मन्त्रालय समक्ष निवेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिनाभित्र सम्बन्धित मन्त्रालयले आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

८. <u>प्रसारण गर्नुपूर्व विवरण पेश गर्नुपर्ने</u> : दफा (७) को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्रमा प्रसारण सम्बन्धि कामको प्रारम्भ गर्नुपर्ने छ र त्यस्तो कार्य

प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समयतालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत तोकिएको अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

९. <u>प्रसार केन्द्रको स्थापना सम्बन्धी विशेष व्यवस्था</u> : (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धि प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा प्रदेश सरकारले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धि भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मुनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्तहरु पालना गर्ने शर्तमा तोकिएको कार्यक्रमहरु प्रसारण गर्न पाउने गरी तोकिए बमोजिम अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम विदेशी व्यक्ति वा संगठित संस्था सम्मिलित भई प्रसारण केन्द्र स्थापना गरी कार्यक्रम प्रसारण गर्ने अनुमति दिँदा प्रचलित संघीय कानूनको प्रतिकूल नहुने गरी अनुमति दिनु पर्नेछ ।

१०. <u>नविकरण सम्बन्धि व्यवस्था</u> : (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नुपर्नेछ र नविकरण सम्बन्धि शर्तहरु र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडी प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण गर्ने

संस्थाले यसै ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम नविकरण गर्नुपर्नेछ ।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखि छुट्टै रिले स्टेशन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिए बमोजिमको शर्त पालना गर्नुपर्नेछ ।

११. प्रसारणमा सचेत गराउन सकिने: १) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई विचको सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय विचको सु:सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली वेईज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरुत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई प्रदेश सरकारले पहिलो पटक सचेत गराउन सक्नेछ ।

१२. प्रसारण तथा वितरण शुल्क : प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा सम्बन्धित मन्त्रालयलाई वा तोकिएको संस्थालाई शुल्क तिर्नु पर्ने र त्यस्तो कार्यक्रम गर्ने व्यक्ति वा संस्थाबाट लिनु पर्ने शुल्क तोकिए बमोजिम हुनेछ ।

१३. कार्यक्रम उत्पादन तथा प्रसारण : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछ:-

(क) प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमहरू,

(ख) प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) प्रदेशभित्रका नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(घ) प्रादेशिक तथा राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रमहरू,

(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) प्रदेश भित्रको लोकगीत र लोकसंस्कृतिको प्रवर्द्धन तथा सम्बर्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू ।

१४. <u>विदेशी प्रसारण संस्था वा सञ्चारमाध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने</u> : विदेशी प्रसारण संस्था वा

सञ्चारमाध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा संघीय कानूनको प्रतिकूल नहुने गरी कार्यक्रम प्रसारण गर्न सम्बन्धित मन्त्रालयले समय उपलव्ध गराउन सक्नेछ ।

१५. <u>विज्ञापन प्रसारण गर्न नपाइने</u> : (१) दफा १३ मा जुनसुकै कुरा लेखिएको भएता पनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैन ।

(क) गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकुल असरपर्ने विषयका कुराहरु,

(ख) अश्लिल किसिमका सामग्रीहरू,

(ग) निर्वाचित संघीय, प्रदेश र स्थानीय सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरु,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरु,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निर्वाचनको समयमा नेपाल सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन ।

१६. <u>प्रसारकको काम, कर्तव्य र अधिकार</u> : (१) प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता बारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने/ गराउने,

(ख) राजनैतिक रूपमा निष्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने/गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने तथा गर्न नलगाउने,

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरवाही वा हेलचक्र्याईंपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको संकलन तथा प्रसारण गर्न नहुने,

(ज) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने ।

१७. <u>सजाय</u> : (१) कसैले दफा ४ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई प्रसारण संस्था खोली प्रसारण गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रसारण सम्बन्धि संस्था बन्द गर्न वा प्रसारण सम्बन्धि काम बन्द गर्न सक्नेछ ।

तर यस ऐन बमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर,

अन्य दस्तुर र लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको रकम जरिवाना हुनेछ ।

(२) कसैले दफा ११ बमोजिम सचेत गराउँदा समेत सो दफा विपरित कार्य गरेमा वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रमको प्रसारण गरे/गराएमा वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले दशहजार रुपैयाँ देखि एकलाख रुपैयाँ सम्म जरिवाना गर्नसक्नेछ ।

तर जरिवाना गर्नु अघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्वन्धित अन्य व्यक्तिलाई आफ्नो सफाई पेश गर्न मुनासिव माफिकको मौका दिनुपर्नेछ ।

१८. <u>पुनरावेदन सम्बन्धमा</u> : यसै ऐनका विभिन्न दफामा पुनरावेदन सम्बन्धि व्यवस्था गरेकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा यस ऐन बमोजिम प्रदेश सरकार वा सम्बन्धित मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेश वा सजाय उपर चित्त नबुझने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१९. <u>प्रसारण संस्थाको सुरक्षा</u> : प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानि नोक्सानी हुने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा प्रदेश सरकारले त्यस्तो ठाउँमा सम्भव भए सम्म आवश्यक अवधिसम्मको लागि सुरक्षाकर्मी पठाई सुरक्षाको व्यवस्था गर्नेछ ।

२०. <u>अधिकार प्रत्यायोजन</u> : प्रदेश सरकारले सम्बन्धित मन्त्रालयलाई र सम्बन्धित मन्त्रालयमा निहित अधिकारमध्ये सो मन्त्रालयले कुनै वा सबै अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. नियम बनाउने अधिकार : यस ऐन बमोजिम प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः- २०७५/०४/२५

आज्ञाले,
गोपाल प्रसाद पराजुली
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३